# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं को

## बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०५/२८

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/०५/१७ मा बसेको २३८औं बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न कम्पनीको बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा हालको कोभिड-१९ को विशेष परिस्थितिमा नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्ड पालना गर्नु पर्ने भएकोले भर्चुअल माध्यमबाट निम्न बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सो समयमा शेयरधनी महानुभावहरू भर्चुअल रुपमा उपस्थित भई दिनु हुन अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०७८/०६/१९ गते, मंगलवार (तदनुसार अक्टोवर ०५, २०२१)

समयः विहान ११:३० बजे

स्थानः नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाण्डौं।

माध्यमः भर्चुअल (Zoom Application)

**बाह्रौं वार्षिक साधारण सभाको विषय सूची (आ.व.२०७५/७६)**

**सामान्य प्रस्तावः**

१. सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदनको प्रस्तुती र सो प्रतिवेदन पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने।

**विशेष प्रस्तावः**

१. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार आ.व.२०७५/७६ मा आर्थिक सहयोग उपलब्ध गराइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

२. बिविध

**तेह्रौं वार्षिक साधारण सभाको विषय सूची (आ.व.२०७६/७७)**

**सामान्य प्रस्तावः**

१. सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनको प्रस्तुती र सो प्रतिवेदन पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने।

३. आ.व.२०७६/७७ को लागि श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार लेखापरीक्षक नियुक्त गर्न साधारण सभा बस्न नसकेकोले कम्पनीको सञ्चालक समितिको मिति २०७७/०४/१६ मा बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०७७/०५/३१ को स्विकृति अनुसार चार्टर्ड एकाउन्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुंगानालाई संयुक्त रुपमा आ.व.२०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण समितिको निर्णय अनुसार मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ठ रु.५,००,०००/- लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदन गर्ने।

४. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरुप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने।

**विशेष प्रस्तावः**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने।

२. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार आ.व.२०७६/७७ मा आर्थिक सहयोग उपलब्ध गराइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

३. बिविध

**साधारण सभा सम्बन्धी जानकारीः**

१. वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य मिति २०७८/०६/०४ गते १ दिन बन्द रहनेछ। शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिनसम्म कायम रहेका शेयरधनीहरू मात्र वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन्।

२. कम्पनीको आ.व.२०७५/७६ र २०७६/७७ को लेखापरीक्षण गरिएको संक्षिप्त वित्तीय अवस्थाको विवरण तथा सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरू कम्पनीको वेवसाइट www.utkhpl.org.np वा शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेडको वेवसाइट www.sunrisecapital.com.np मा हेर्न वा डाउनलोड गर्न सकिने छ।

३. साधारणसभामा सहभागी हुन चाहनु हुने शेयरधनी महानुभावहरूले कम्पनीको वेभसाइट www.utkhpl.org.np वा शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेडको वेवसाइट www.sunrisecapital.com.np मा बुक क्लोज भएको भोली पल्ट देखि साधारण सभा हुने मिति भन्दा ३ दिन अगावै तोकिएको विवरण भरी नाम दर्ता गर्न सकिनेछ। त्यसरी दर्ता भएका शेयरधनीहरूलाई को हकमा साधारण सभा हुनु भन्दा २४घण्टा अगाडी email मार्फत Zoom ID र Password उपलव्ध गराइनेछ।

४. भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थितिलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिइने व्यहोरा समेत जानकारी गराउँदछौं। उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएपछि मात्र सभा संचालन हुनेछ।

५. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्रसहित उपस्थित हुनुपर्नेछ।

६. कम्पनीमा दर्ता गराइएको प्रतिनिधिपत्र (प्रोक्सी) साधारण सभाको गणपुरक संख्याको लागि मान्य हुनेछ।

७. शेयरधनीहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा अध्यक्षबाट अनुमति पाएका व्यक्तिबाट सामुहिक रुपमा उत्तर दिइनेछ।

८. साधारण सभा सम्बन्धी अन्य कुराहरूको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको रजिष्टर्ड कार्यालय ज्ञानेश्वरमा सम्पर्क राखी लिन सकिनेछ । थप जानकारीको लागि कम्पनीको वेव साइट www.utkhpl.org.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

९. यस कम्पनीको एघारौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी महानुभावहरूको (समूह-ख) तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन हुन नसकेको सन्दर्भमा सम्मानित उच्च अदालत पाटन, ललितपुरबाट भएको आदेश बमोजिम सञ्चालक समितिमा १ जना महिला शेयरधनी समेत सञ्चालक रहने गरी निर्वाचन गर्नु पर्ने भएकोले सो प्रयोजनको लागि यसै साधारणसभाबाट कम्पनीको नियमावलीमा कम्पनी ऐन २०६३ को दफा ८६(२) मा भएको व्यवस्था अनुरुप संशोधनको लागि प्रस्ताव पेश भएको र विद्यमान कोभिड-१९ महामारीको प्रभाव न्यून भई भौतिक रुपमा सभा, सम्मेलन गर्ने वातावरण निर्माण भएपश्चात सर्बसाधारण समुहको प्रतिनिधित्वगर्ने सञ्चालकहरुको निर्वाचन गरिने ब्यहोरा अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव